# ६

# म जन्मेको दिन श्रापित होस् भनेर अय्यूबले चाहना गर्नु के मनासिब छैन र?

<u>*यस अध्यायमा अध्ययन गरिने मूल पदहरू:*</u> भजन ११९:६५-७२, अय्यूब २:११-१३, अय्यूब ४:१-२१, रोमी ३:१९,२०, १ कोरन्थी ३:१९, हिब्रू १२:५ र मत्ती ७:१।

<u>*यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:*</u> **"के परमेश्वरभन्दा मानिस ठिक हुनसक्छ र? के सृष्टि गरिएको जाबो मानिस उसलाई सृष्टि गर्ने सृष्टिकर्ताभन्दा शुद्ध वा पवित्र हुनसक्छ र? (अय्यूब ४:१७ रूपान्तरित)।**

सकेसम्म अय्यूबको स्थानमा हामीलाई राखेर उनको मर्महरू बुझ्न अघिल्लो अध्यायमा हेर्‍यौं। त्यो त त्यस्तो कठिन थिएन, थियो त? किनभने हामी सबैजना कुनै न कुनै रूपमा अय्यूबको पीडा भोगिरहेका हुन्छौं। हामी सबै कुनै न कुनै दुःखमा समावेस भइरहेका हुन्छौं जस्तो कुनै अर्थ देखिन्दैन। फेरि जतिसुकै इमान्दारी वा धर्मी भएतापनि दुःखको भुमरीमा पर्दा त्यसको औचित्य नभएको महसुस गर्छौं।

जब हामी यस अध्याय पढ्छौं ती तथ्यहरूलाई दिमागमा राखिरहनुपर्छ। फेरि त्यसैबखत अय्यूबका मित्रहरूले के सोचिरहेका थिए सो पनि हामीले बुझ्न आवश्यक छ। अय्यूबको दुःखमा शोक व्यक्त गर्न उनका ती साथीहरू आएका थिए।

जब सबैले आदर गरिएको अय्यूबको दुर्गती तिनीहरूले देखे ती मानिसहरूको दिमागमा के चढिरहेको थियो सो बुझ्न पनि त्यति कठिन छैन, छ त? अरूहरूको दुःखकष्ट हामी मध्येमा कसले देखेको छैन र? तिनीहरूको पीडामा सान्त्वना दिन र तिनीहरूले गुमाउनुपरेका तत्वहरूप्रति दुःख व्यक्त गर्न हामी मध्ये कसले कोशिस गरेका छैनौं र? जब शोकले स्तब्ध भएर मानिसहरू बस्दछन् तिनीहरूको मनलाई हलुका पार्न ठिक शब्दहरू कसरी प्रयोग गर्ने भनेर नसोच्ने हामीमध्ये को होला?

साँच्चिकै भनौं भने अय्यूबको पुस्तकको अधिकांस भागहरू अय्यूब र उनका मित्रहरूको बीचमा चलेको जुहारीले भरिएको पाउँछौं। अस्पष्ट भएको कुरालाई स्पष्ट पार्न एकले अर्कोलाई कोशिस गरेको पाउँछौं। प्रेमिलो, शक्तिशाली र हेरचाहा गर्ने परमेश्वरले सृष्टि गरिएको यस संसारमा दुःख, कष्ट

र वियोगको कहिलै नसकिने श्रृखलाको सामना गर्नुपर्दा मानिसको दिमागमा कस्ता कस्ता कुराहरूले पौडि खेल्न पुग्छन् ती केही हदमा अय्यूबको पुस्तकले उघार्न खोजेको पाउँछौं।

## १ ठूलो प्रश्न (भजन ११९:६५-७२)

अय्यूबको पुस्तकमा भएको प्रायजसो निर्णायक गतिविधिहरू अय्यूबको पुस्तकको प्रथम् दुई अध्यायमा भएको हुन्छ। ती दुई अध्यायहरूमा नै स्वर्ग र पृथ्वीको बीचमा खडा भएको पर्दा हामीहरूको अगाडि उघारेको पाउँछौं। अरू समयमा हामीहरूको अगाडि लुकिएको जीवनको वास्तविकतालाई झल्यास देखाइ दिएको छ। यस समय हामीहरूको दुरविनले हामीहरूको पृथ्वी ग्रह भन्दा पार गरेर स्वर्गको जगतमा परमेश्‍वर र शैतानको बीचमा भएको कुराकानी देख्न सक्ने भएका छौं। त्यस पुस्तकमा जे देखाइयो सो त्यो भन्दा अगाडि देखाइएको थिएन। वर्तमान साउदी अरेबियामा अय्यूबको पुस्तक हजारौं वर्ष पहिले लेखिएको थियो। त्यसबेला दुरबिनको अस्तित्व नै थिएन। यद्यपि परमेश्‍वरको स्वर्ग र पृथ्वीको सम्बन्ध कतिको नजिक रहेछ भनेर त्यस पुस्तकमा देखाइएको दृष्य यस संसारको कुनै पनि वैज्ञानिकहरूले आविष्कार गर्न नसकेको चाहे त्यो भुउपग्रहमा जडान गरिएको दुर्बिनै किन नहोस् हामीलाई देखाइएको छ।

प्रथम् दुई अध्याय पछि अय्यूबको पुस्तकमा धेरै कुराकानीहरू समावेश भएको पाइन्छ। तिनीहरूमा धेरै जसो अय्यूब र उनका मित्रहरूको बीचमा देहायका विषयहरूमा चलेका जुहारी वा वादविवाद उल्लेख गरिएको छः धर्मज्ञान वा आत्मज्ञान, पीडा, दर्शन वा मानिसहरूको दिमागमा खेल्ने विभिन्न तर्कहरू, विश्‍वास वा आस्था, जीवन र मृत्यु।

अय्यूबमाथि जुन् आततायी विपदहरू आए ती देखि चकित भएर उनका मित्रहरूको दिमागमा अनेकन् प्रश्नहरूको ओइरो बग्नु अचम्म लाग्दो छैन, छन् त? दैनिक जीवनमा हुने साधारण कुराहरू र बन्दब्यापारका कुराहरू गर्नु सजिलो छ तर जीवनका जटिल, ठूलो र महत्त्वपूर्ण विषयबस्तुहरूको चर्चा गर्न प्रायजसो मानिसहरूको न त फुर्सद नै हुन्छ न त सम्झिन्छ नै। कतिपय समय हामी आत्मिक निन्द्रामा सुतिरहेका हुन्छौं। तर त्यस समयमा हामीहरूको वा अरूहरूको जीवनलाई हल्लाउने भयङ्कर घट्ना आइपर्दा

जीवनको अर्थसँग सरोकार राख्ने अनेकन् महत्त्वपूर्ण प्रश्नहरूसँग हामी कुस्ती खेल्न पुगेका हुन्छौं।

भजनसंग्रहका लेखक भजन ११९:६५-७२मा के समसामयीक प्रसङ्ग व्यक्त गरि परमेश्वरसँग प्रार्थना गर्दछन्? हेर्नुहोस्: "६५ हे परमप्रभु, तपाईंले आफ्नो वचनअनुसार आफ्नो दासको उपकार गर्नुहोस्। ६६ मलाई ज्ञान र बुद्धिका कुरा सिकाउनुहोस्, किनकि म तपाईंका आज्ञामाथि विश्वास राख्तछु। ६७ म कष्टित हुनुभन्दा अघि म बरालिएको थिएँ, तर अब त म तपाईंको वचन पालन गर्दछु। ६८ तपाईं भलो हुनुहुन्छ अनि भलाइ गर्नुहुन्छ। मलाई तपाईंका विधिहरू सिकाउनुहोस्। ६९ अहङ्कारीहरूले मेरो विरुद्धमा झूटा कुरा रचेका भए तापनि म सम्पूर्ण हृदयले तपाईंका आदेशहरू पालन गर्दछु। ७० तिनीहरूका हृदय कठोर र निर्दयी भएका छन्, तर म तपाईंको व्यवस्थामा हर्षित हुन्छु। ७१ ममाथि क्लेशहरू आइपरेका असलै भयो, ताकि म तपाईंका विधिहरू सिक्न सकूँ। ७२ तपाईंको मुखबाट निस्केको व्यवस्था मेरो निम्ति सुन र चाँदीका हजारौं टुक्राभन्दा मूल्यवान् छ।"

भजन ११९का लेखकले अनेकौं भयङ्कर कष्ट र पीडाहरूको अनुभव गरिसकेपछि त्यसबाट उनलाई असलै भएको भेट्टाउन समर्थ भएको थियो। कतिपय समयमा समस्याहरूभित्र आशिषहरू लुकिएका हुन्छन्। तिनीहरूले कि त हामीलाई फेरि परमेश्वरतिर फर्काउँछन् वा परमेश्वरतिर धकेलिदिन्छन्। अनेकन् गम्भिर समस्याहरूले गर्दा कतिपय मानिसहरू परमेश्वरतिर फर्केको वा परमेश्वरमा आफ्नो जीवन समर्पित गर्न पुगेका कथाहरू कसले सुनेका छैनन् होला? कतिपय समयमा दु:खकष्ट र समस्याहरू जतिसुकै भयानक वा दिक्क लाग्दो भएतापनि तिनीहरू पछि गएर हाम्रै भलाईको निम्ति भएको थाहा पाउनसकेका हुन्छौं। तर तत्कालै प्रायजसो अर्थहीन भएको महसुस गर्नु स्वभाविकै हो।

**के तपाईंको जीवनमा यस्तो केही घट्नाहरू वा समस्याहरू भोग्नुभएको छ जुन् तत्कालै बेकारको देखिएतापनि पछि गएर असलै भएका थिए? समस्याहरू आइपर्दा तत्कालै केही असल नदेख्दा त्यसको सामना तपाईंले कसरी गर्नुहुन्छ?**

## २ अनजान वा निरपराध मानिसको मृत्यु कहिले भयो? (अय्यूब २:१३)

अय्यूबको भयाभव परिस्थिति सुन्दा उनलाई भेट्न, शोक व्यक्त गर्न र ढाडस दिन आएका मित्रहरूले अय्यूबलाई देख्दा तिनीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्: अय्यूब २:११-१३ "११ अय्यूबका तीन जना मित्र, एलीपज तेमानी, बिल्दद शुही र सोपर नमातीले तिनीमाथि आइपरेका यी विपत्तिका कुरा सुनेपछि सहानुभूति प्रकट गर्न र तिनलाई ढाड़स दिन आफ्ना आफ्ना घरबाट सँगै मिलेर आए। १२ तिनीहरूले तिनलाई टाढ़ैबाट देखे, तर चिन्न सकेनन्। तिनीहरू चिच्च्याएर रोए, अनि आफ्ना लुगा च्यातेर आफ्ना शिरमा धूलो छरे। १३ तब तिनीहरू सात दिन सात रात भूइँमा तिनको छेउमा बसे। अनि तिनीहरूमध्ये कसैको मुखबाट एक शब्द पनि निस्केन, किनभने तिनीहरूले देखे उनको कष्ट कति ठूलो थियो।"

अय्यूबका तिन जना मित्रहरूले अय्यूबको विपत्ति सुनेर उनकहाँ मिलेर आउँछन्। अय्यूबको दुर्गति देखेर ती मित्रहरूलाई ठूलो आघात पुग्छ र तिनीहरूको मुखबाट केही बोली नै फुट्दैनन्। तिनीहरू अय्यूबसँग शोकमा सहभागी हुन्छन्।

तिनीहरू सात दिनसम्म केही नै नबोली रूँदै अय्यूबको छेऊमा बस्छन् भनेर माथिका पदहरूले भन्छन्। अय्यूबको जस्तो शोकमा परेको व्यक्तिलाई तपाईंले व्यक्त गर्न सक्ने वचनहरू नै के छ र? सात दिनको मौनतापछि अय्यूबले आफ्नो दुखेसो पोखाउँछन्। अनि ती मित्रहरूले उनलाई सान्त्वना दिने क्रममा बोलीको भल फुटाउँछन्। अर्थात् अय्यूब र उनका मित्रहरूको बीचमा जुहारी चल्छ।

अय्यूबको मित्र एलिपजले आफ्नो मुख फुटालेर उनको मूल्याङ्कन गर्दछन्। त्यसमा उनको भनाईको मूल बिषयबस्तु के थियो? हेर्नुहोस्, अय्यूब ४:१-११ "१ तब एलीपज तेमानीले जवाफ दिए: २ 'यदि कसैले तपाईंसित कुरा गर्ने आँट गर्‍यो भने, के तपाईं अधीर बन्नुहुन्छरू तर को नबोली बस्न सक्लारू ३ सम्झनुहोस्, तपाईंले कसरी धेरैलाई शिक्षा दिनुभयो, निर्बल हातलाई तपाईं कसरी बलिया पार्नुभएको छ। ४ ठक्कर खानेहरू तपाईंका वचनले सह्मालिए, र तपाईंले निर्बल घुँड़ाहरूलाई बल दिनुभयो। ५ तर अब सङ्कष्ट तपाईंमाथि आइलाग्यो र तपाईं निरुत्साहित हुनुहुन्छ।

यसले प्रहार गर्दा तपाईं हरेस खानुहुन्छ। ६ के तपाईंको धर्म नै तपाईंको निम्ति भरोसा र तपाईंको निर्दोष जीवन तपाईंको निम्ति आशा

हुनुपर्दैन रू" ७ "किनभने सोच्नुहोस्ः कुनै निर्दोष मानिस कहिल्यै नाश भएको छरू सोझो मानिसले कहाँ कष्ट पाएको तपाईंले देख्नुभएको छरू ८ मैले देखेको छु, कि अधर्म जोत्ने र दुःख छर्नेहरूले, आफैले छरेको कुराको कटनी गर्छन्। ९ परमेश्वरको सासले तिनीहरू ध्वंस हुन्छन्, र उहाँको क्रोधको रापले तिनीहरू नष्ट हुन्छन्। १० सिंहहरू गर्जून् र घुरून्
तापनि ठूला सिंहहरूका दाँत भाँचिन्छन् ११ शिकारको अभावले सिंह मासिन्छ, अनि सिंहनीका डमरुहरू छरपष्ट हुन्छन्।"

कोही मानिस शोकमा छ भने त्यसलाई सरसल्लाह दिन एलिपजको बोलिबाट सुरू गरे शायद असल हुन्छ होला। तर एलिपजले के भन्यो भनेर सुरू नगरेर कोही मानिस दुःखदमा पर्छन् भने के नभन्नु भने मनासिव देखिन्छ। अय्यूबका मित्रहरूले उनमाथि सहानुभूति प्रकट गरेका थिए भन्ने कुरामा स्पष्ट त छ तर तिनीहरूले व्यक्त गरेका सहानूभूति सिमित ज्ञानमा आधारित थिए। एलिपजको निम्ति सही धर्म वा आस्था सहानुभूतिभन्दा ठिक वा महत्त्वपूर्ण भएको देखिन्छ (अर्थात् मानिस भन्दा धर्म ठूलो)। मानौं तपाईं त्यो व्यक्ति हुनुहुन्छ जो अय्यूबले जस्तो भयङ्कर बिपत्तिको सामना गरिरहनुभएको छ। कसैले आएर तपाईंलाई यसरी सान्त्वना दियो रे "तपाईंले दुःख पाएको तपाईंकै पापको कारणले हो। परमेश्वर न्यायी हुनुहुन्छ। दुष्ट तथा अधर्म मानिसले मात्र तपाईंले जस्तो दुःख पाउँछन्।" त्यस्तो कुरा सुन्दा तपाईंलाई कस्तो होला?

ल, अय्यूबले पाएको दुःख उनकै पापको कारणले भएको होला रे! तर त्यस्तो कठिन परिस्थितिमा गुज्रिरहेको मानिसलाई त्यस्तो किसिमका मुटु छेड्ने बोलिहरू बोल्दा त्यसले के असल गर्छ र? कोही मानिस रफ्तारमा गाडी हाँक्छ र दुर्घट्नामा परेर उनले सबै आफ्नो परिवार गुमाउँछन् रे। कोही मानिस उक्त शोकमा परेको बेलामा गएर यस्तो भन्दा कस्तो होला? "तपाईंले गाडी छिट्टो डगुऱ्याएर सबै परिवारलाई मार्नुभयो। परमेश्वरले तपाईंलाई सजायँ दिनुभएको छ।" एलिपजले बोलेका कुराहरूमा उनले विश्वास गरेको धर्म अनुसार बोलेको भन्न मिल्दैन। तर अय्यूबको दुःख र उनले सामना गरिरहेको कष्टप्रति एलिपज संवेदनशील नभएको बिषय हाम्रो निम्ति गहिरो चासोको विषय हो।

**तपाईंलाई पीडा भएको बेलामा र तपाईंले कुनै थोक गुमाएको बेलामा कसैले आएर तपाईंलाई सान्त्वना दिएको छ भने त्यसबेलाको समयलाई याद गर्नुहोस्। तिनीहरूले तपाईंलाई के भने? तिनीहरूले तपाईंलाई कसरी सान्त्वना**

**दिए? यदि कोही त्यस्तै दुःखदमा छ भने उसलाई सान्त्वना दिन तपाईंले पाएको सान्त्वनाबाट उसलाई पनि सान्त्वना दिन के सिक्नुभएको छ?**

## ३ मानिस र उसको सृष्टिकर्ता (अय्यूब ४:१२-२१)

जुन् रूपमा अय्यूबको हितैषी भनेर कहलाइने एलिपजले आफ्नो मुख खोल्दा अय्यूबको निम्ति सहानुभूति र शिष्टका बोलीहरू प्रकट गरे त्यसको निम्ति पुरस्कार पाउने वातावरण उनले आफ्नो निम्ति बनाएको थिएन भनेपनि हुन्छ। जब सबै कुराहरू असल भएर बस्छन् त्यसबेला अय्यूब अरूको निम्ति ज्योति हुन सजिलो हुन्छ भनेर एलिपजले वास्तविक रूपमा भनिरहेका थिए। अब दुष्ट कुराको प्रहार भयो तब अय्यूबलाई उकुसमुकुस भएको थियो र चिन्ता तथा शोकमा पर्न गएको थियो भन्ने उनको भनाई थियो। त्यसो हुनु मनासिबै थियो थिएन त? आखिरमा परमेश्वर पवित्र र धर्मी हुनुहुन्छ। कतिपय समयमा हामीमा जेजति खराब कुराहरूको बज्र प्रहार हुन्छ त्यो पाउन हामी योग्यका हुन्छौं किनकि त्यो प्रायजसो हामीहरूकै दुष्ट चालाको परिणामले हुनसक्छ।

एलिपाजले अय्यूबको गतिलाई मूल्याङ्कन गर्न अर्को के वचनहरूले उनलाई प्रहार गर्छन्? हेर्नुहोस्: अय्यूब ४:१२-२१ "१२ 'एउटा कुरा सुस्त-सुस्त मेरो कानमा आयो, र त्यसको कानेखुसी मेरो कानले सुन्यो। १३ रातका बेचैन सपनाहरूमा, जब मानिसहरू घोर निद्रामा परेका हुन्छन्, १४ त्रास र थरहरीले मलाई पक्रे, र मेरा हाड़हरूलाई कमायो। १५ एउटा आत्मा मेरो छेउ भएर गयो, र मेरो शरीरको रौं खड़ा भयो। १६ त्यो रोयो, तर त्यो के हो मैले ठम्याउन सकिनँ, एउटा आकार मेरो आँखाअघि खड़ा भयो। यसो भन्ने एउटा मधुर सोर मैले सुने- १७ 'के मरणशील मानिस परमेश्वरभन्दा बढ़ी धर्मी ठहर्न सक्छ के कुनै प्राणी आफ्ना सृष्टिकर्ताभन्दा पवित्र हुन सक्छ? १८ यदि परमेश्वरले आफ्नै सेवकहरूमाथि भरोसा गर्नुभएन भने, र आफ्नै दूतहरूलाई भूल गरेको दोष लगाउनुभयो भनेता, १९ माटोका घरमा बस्नेमाथि झन् बढ़ी दोष किन भेट्टाउनुहुन्न? जसको आधार ता धूलो नै हो, जो सानो पुतलीझैं कुल्चीमिल्ची पारिन सकिन्छ, २० तिनीहरू बिहानदेखि बेलुकासम्म चकनाचूर पारिन्छन्, कसैले थाहा नपाई तिनीहरू नाश हुन्छन्। २१ के तिनीहरूका पालका डोरीहरू माथि तानिएका छैनन् र? यसरी तिनीहरू ज्ञानविना नै मर्छन्?'

उपरोक्त पदहरूमा धेरै रोचक कुराहरूलाई हामीहरूले नियाल्न सक्छौं। इस्राएल भन्ने देश वा यहूदी भन्ने जातिको उदय हुनुभन्दा अगाडि प्रकृति र सही परमेश्वरको स्वभावलाई तत्कालिन मानिसहरूले कसरी बुझेका थिए भनेर माथिका पदहरूले देखाउँछन्। वर्तमान इस्राएल र यहूदी जातिका पूर्खाहरूले ती देश र जाति खडा हुनुभन्दा अगाडि जीवित सनातन सृष्टिकर्ता परमेश्वर पिताको बारेमा केही नै केही थाहा थियो भनेर अय्यूबको सम्पूर्ण कितावले देखाउँदछ। साँच्चिकै भनौं भने एलिपजले परमेश्वरको चरित्रको पक्षमा बोलिरहेको उपरोक्त पदहरूले देखाउँछन्।

रातमा एलिपजले सुनेका वा देखेका दर्शनको बारेमा चर्चा गर्दा मानिसहरूमा भएका धार्मिक शिक्षालाई असलै र उचितसँग धेरै तरिकाहरूले प्रतिबिम्ब गरेको पाउँछौं (उदाहरणमा भजन १०३:१४, यशैया ६४:७ र रोमी ३:१९,२०)। हामी माटोले बनेका मानव जात हौं, हामीहरूको जीवन छोटो छ, हामी पुतली झैं सजिलैसँग धुलो पिठो हुनसक्छौं। फेरि यस संसारमा परमेश्वरभन्दा धर्मी र असल कुनचाहीँ पुरुष र स्त्री हुनसक्छ र?

तर अय्यूबको निम्ति एलिपजका वचनहरू त्यस्तो सान्त्वना दिने खालका थिएनन् न त ती प्रभावकारी नै थिए। उनले के भन्न चाहेका थिए वा भन्नु पर्ने थियो सो कुरामा उनी चुकेको देखाउँछ। अय्यूबको समस्या भनेको उनी परमेश्वरभन्दा धर्मी वा असल हुन् भन्ने कुरामा थिएन। अय्यूबले त्यसबारेमा गुनासो पनि पोखाएका थिएनन्। अय्यूबले केवल आफूलाई कतिको पीडा भइरहेको छ र आफूमाथि आइपरेको दुःखकष्टले उनलाई कसरी सताइरहेको छ भनेर दुखेसो पोखाइरहेका थिए। परमेश्वरभन्दा आफू असल वा धर्मी छु भनेर अय्यूबले वकालत गर्न खोजेको थिएन।

तर अय्यूबले आफू असल सावित गर्न खोजेको भनेर एलिपजले बुझेको देखिन्छ। जे भनेतापनि यदि परमेश्वर न्यायी र धर्मी हुनुहुन्छ भने दुष्ट कुराहरू दुष्टमाथि मात्र आइपर्दछन्, त्यसकारण अय्यूबले के पाप व गलत काम गरे होलान् जसले गर्दा उनले ती दुःखहरू पाउन मनासिवै देखिएको एलिपजको राय थियो। त्यसकारण उनको भनाईमा अय्यूबको दुखेसो अनुचित थियो। परमेश्वरको पक्षमा खुब धर्मी भएर बोल्न खोज्ने एलिपजले अय्यूबलाई गालि पो गर्न थालेका थिए। परमेश्वरको बारेमा आफूले पाएको आत्मज्ञानको बारेमा उनले दावीमात्र गरेनन्, आफूमा भएको ज्ञानलाई समर्थन गर्न परमेश्वरले रातको दर्शनद्वारा अनुमोदन गरेको उनले जिकिर गरेका थिए। तर समस्या त

यो थियो, अय्यूबको पीडालाई हलुका पार्ने उनले जे बोल्नु पर्ने थियो सो नबोलि अर्कै कुरा बोल्न उनी अग्रसर भएका थिए।

**कतिपय समयमा हामी ठिक नै छौं भन्ने लाग्ला तर के कुरा कहिले, उचितपूर्वक, मनलाई हलुका पार्ने खालको र सत्य नै किन नहोस् सकारात्मक वचनहरू बोल्न हामी सजग हुनुपर्छ भनेर माथिको कथाले हामीलाई कसरी सिकाउँछ?**

## ४ मूर्ख कुराहरूले जग बसाल्नु (अय्यूब ५)

"१ "चाहनुहुन्छ भने बोलाएर हेर्नुहोस्, तर तपाईंलाई कसले जवाफ दिन्छ कुन पवित्र जनहरूतिर तपाईं फर्कनुहुनेछ? २ रीसले मूर्खलाई मार्छ, अनि ईर्ष्याले सोझाहरूलाई। ३ मूर्खले जरा गाड़ेको मैले देखेको छु, तर त्यसको घर एक्कासि श्रापित भयो। ४ त्यसका बालकहरू सुरक्षित नभएका, अदालतमा प्रतिवाद गरिदिने कोही नभई पेलिएका मैले देखेको छु। ५ त्यसले कटनी गरेको फसल भोकाहरूले खान्छन्, काँढ़ाहरूका बीचबाट उम्रेका पनि बटुलेर लान्छन्, तिर्खाएकाहरूले त्यसका धन-सम्पत्तिको तृष्णा गर्छन्। ६ किनकि माटोबाट कष्ट उब्जँदैन, न त जमिनबाट दुःख उत्पन्न हुन्छ। ७ आगोको फिलिङ्गो माथि उड़ेझैं, मानिस पनि दुःखकै लागि जन्मन्छ। ८ "तर यदि म भएको भएँ, म मेरो अर्जी परमेश्वरमा नै चढ़ाउने थिएँ, र मेरो मामिला उहाँकै सामुन्ने राख्नेथिएँ। ९ उहाँले महान् र बुझ्न नसकिने कार्यहरू, अनगन्ती आश्चर्यकर्महरू गर्नुहुन्छ। १० उहाँले पृथ्वीमा पानी वर्षाउनुहुन्छ, र खेतहरूमा पानी पठाउनुहुन्छ। ११ उहाँले नम्रहरूलाई उच्च पार्नुहुन्छ, र शोक गर्नेहरूलाई सुरक्षामा उचाल्नुहुनेछ, १२ धूर्तहरूका युक्तिलाई उहाँले विफल गराउनुहुन्छ, अनि तिनीहरूले सफलता पाउँदैनन्। १३ उहाँले ज्ञानीहरूलाई तिनीहरूका चलाकीमा पक्रनुहुन्छ, र धूर्तहरूका योजना खलबल पारिदिनुहुन्छ। १४ तिनीहरूमाथि दिउँसै अन्धकार आइलाग्छन्, र मध्यदिनमा तिनीहरू रातमा झैं छामेर हिंड्छन्। १५ उहाँले दरिद्रहरूलाई तिनीहरूको मुखमा भएको तरवारदेखि र कङ्गालीहरूलाई बलियाहरूका पन्जादेखि जोगाउनुहुन्छ। १६ यसैले गरीबहरूको आशा हुन्छ, र अन्यायले आफ्नो मुख बन्द गर्नेछ। १७ "त्यो मानिस धन्यको हो, जसलाई परमेश्वरले चेताउनुहुन्छ। यसकारण सर्वशक्तिमान्को अनुशासनलाई इन्कार नगर। १८ किनभने उहाँले चोट पार्नुहुन्छ, तर उहाँले पट्टी बाँध्नुहुन्छ, उहाँले चोट पार्नुहुन्छ, तर उहाँको हातले

निको पनि पार्नुहुन्छ। १९ छ पल्ट तिमीमाथि आपत् आइपरे तापनि उहाँले तिमीलाई बचाउनुहुनेछ, सात पल्टको हानिले पनि तिमीलाई छुनेछैन। २० अनिकालको बेलामा उहाँले तिमीलाई मृत्युबाट बचाउनुहुनेछ, उहाँले तिमीलाई युद्धमा तरवारबाट जोगाउनुहुनेछ। २१ उहाँले तिमीलाई निन्दाको कोर्राबाट सुरक्षित राख्नुहुनेछ, विनाश आउँदा तिमी डराउनुपर्नेछैन। २२ विनाश र अनिकालमाथि तिमी हाँस्ने छौ, अनि जङ्गली जनावरहरूदेखि तिमीलाई डराउनुपर्नेछैन। २३ खेतका ढुङ्गाहरूसित तिमी वाचा बाँध्नेछौ र वन-पशुहरूले तिमीसँग मेलमिलाप राख्नेछन्। २४ तिम्रो पाल सुरक्षित छ भनी तिमीलाई थाहा हुनेछ, र तिमीले आफ्ना बगालको सम्पत्तिको लेखा राख्दा केही अभाव पाउनेछैनौ। २५ तिम्रा सन्तान-दरसन्तानहरू धेरै भएका र तिम्रा छोराछोरीहरू जमिनका घाँसहरूझैं भएका तिमीलाई थाहा हुनेछ। २६ आफ्नो ठीक ऋतुमा खलामा बाली आएझैं पूरा वृद्धावस्थामा तिमी आफ्नो मृत्युमा पुग्नेछौ। २७ "हामीले यी सबै जाँचेका छौं, र यो सत्य हो। यसैले यो सुन्नुहोस्, अनि आफूमा त्यो लागू गर्नुहोस्।" (अय्यूब ५)।

अध्याय ५मा एलिपजले अय्यूबमाथि आफ्नो तर्कलाई निरन्तरता दिन्छन्। अघिल्लो अध्यायमा उनले जे भनेका थिए यसमा पनि त्यही विषयबस्तुलाई बिस्तार गरेको पाइन्छ। खराब कुराहरू केवल दुष्ट मानिसहरूमाथि मात्र आइपर्छ भन्ने उनको जिकिर थियो। अय्यूबले पाएको त्यस दोषप्रति उनलाई कस्तो चित्त दुख्यो होला किनभने उनलाई थाहा थियो कि आफूप्रति एलिपजले लक्षित गरेको भनाईको औचित्य थिएन। जुन् परिस्थितिमा आफू गुज्रिरहेको थियो त्यो परिस्थिति आफूले दुष्ट काम गरेर होइन भन्ने अय्यूबलाई यकिन थियो।

तर समस्या यो पनि हामी पाउँछौं। त्यस समयमा एलिपजले व्यक्त गरेका सबै तर्कहरू गलत थिएनन्। दुष्टहरूलाई आइपर्ने उनले व्यक्त गरेका खराब कुराहरू बाइबलको अरू भागहरूमा पनि पाइन्छ।

देहायका पदहरूले अय्यूब ५मा व्यक्त गरेका भावना र विश्वासहरूलाई कसरी प्रतिविम्ब गर्दछन्? हेर्नुहोस्:-

भजन ३७:१० "अलिक बेरपछि दुष्टहरू रहनेछैनन्, तिमीले तिनीहरूलाई खोजे तापनि तिनीहरू पाइनेछैनन्।"

लूका १:५२ "उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई उचाल्नुभएको छ।"

१ कोरन्थी ३:१९-२० "१८ कसैले आफैलाई धोका नदेओस्। तिमीहरूमध्ये कसैले यस युगमा आफैलाई बुद्धिमान् सम्झन्छ भने त्यो मूर्ख बनोस्, ताकि त्यो बुद्धिमान् बन्न सकोस्। १९ किनकि संसारको बुद्धि परमेश्वरको सामु मूर्खता हो। किनकि लेखिएको छ, "उहाँले बुद्धिमान्हरूलाई तिनीहरूको धूर्ततामा पक्रनुहुन्छ।" २० र फेरि, "बुद्धिमान्हरूका विचार व्यर्थ हुन् भनी परमप्रभु जान्नुहुन्छ।" भजन ३४:६ "यस दुःखित मानिसले परमप्रभुलाई पुकार गऱ्यो, अनि उहाँले सुन्नुभयो, र त्यसलाई त्यसका सबै कष्टबाट बचाउनुभयो।" हिब्रू १२:५,६ "५ के तिमीहरूले अर्तीका ती वचन भुलेका छौ जसले तिमीहरूलाई पुत्रहरू भनी सम्बोधन गरेको छ:"हे मेरो पुत्र, परमप्रभुको ताड़नालाई हलुका नसम्झ, उहाँबाटको दण्डमा हरेस नखाऊ, ६ किनभने जसलाई परमप्रभुले प्रेम गर्नुहुन्छ त्यसैलाई ताड़ना दिनुहुन्छ, र आफूले ग्रहण गर्नुभएको हरेक छोरालाई उहाँले दण्ड दिनुहुन्छ।" होशे ६:१ "आओ, हामी परमप्रभुतिर फर्कौं। उहाँले हामीलाई टुक्रा-टुक्रा पार्नुभएको छ, तर उहाँले हामीलाई निको पार्नुहुनेछ। उहाँले चोट पार्नुभएको छ, तर उहाँले हाम्रा चोटहरूमा मलहमपट्टी लाउनुहुनेछ।"भजन ३३:१८,१९ "१८ तर परमप्रभुको दृष्टि उहाँको भय मान्नेहरूमाथि छ, तिनीहरूमाथि जसको आशा उहाँको अचूक कृपामाथि छ, १९ तिनीहरूका प्राणलाई मृत्युबाट छुटकारा दिन, र अनिकालको समयमा तिनीहरूलाई जीवित राख्न।"

## ५. हत्तपत्त अरूको न्याय गर्ने, आलोचना गर्ने वा मूल्याङ्कन गर्ने आदत (मत्ती ७:१,२)

**अय्यूबको घाऊमा मलहमपत्ती लगाउनुको सट्टा एलिपजले उनको घाऊ कोट्याएर झन झन दुखाउन खोजेतापनि उनले व्यक्त गरेका धेरै जसो कुराहरू सही थिए। त्यसको मतलब उनले धेरै असल विषयहरूलाई औंल्याएको पाउँछौं। उनले भनेका कतिपय कुराहरू उनकोमात्र नभएर पछि बाइबलमा विभिन्न ठाउँहरूमा व्यक्त गरेको पाइन्छ। तैपनि अय्यूबको कुरालाई एलिपजले दिएको जवाफमा मानिसलाई आतङ्कित बनाउने कुराहरू छन्। एलिपजले के भनेका थिए त्यसमा समस्या त छैन तर उनले के भन्न खोजेका छन् जुन् जसरी भनेका थिए त्यसको अर्थलाई बँग्याउन उनले भनेकोमा समस्या भएको थियो। (यस बारे अर्को अध्यायमा बिस्तृत छलफल गरिनेछ)।**

हामीहरूको संसार त्यति सरल र हामीहरूको जीवन त्यति सजिलो वा रमाइलो छैन। कतिपय समयमा प्रतिकूल परिस्थितिमा हामीहरूले बाइबलका केही पदहरू लिएर अरूमाथि प्रयोग गर्न खोज्छौं होला जुन् असलै नियतले उसलाई सहयोग होस् भनेर व्यक्त गर्न पुग्छौं। त्यसलाई नराम्रो भन्न त मिल्दैन। तर कतिपय समयमा त्यसले मानिसहरूलाई राहत दिनुको सट्टा आहत ल्याउन सक्छ। कतिपय समयमा हामीहरू आफैले प्रतिकूल परिस्थिति भोग्नुपर्दा कसको दोष हुनसक्छ भनेर एलेन जी ह्वाइटले देहायको भावना यसरी व्यक्त गर्दछिन्: "हामीले भोगेको परिणामको कारण हामीहरूले नै जे गरेकाछौं त्यसले गर्दा हो भनेर बाइबलले स्पष्ट रूपमा सिकाउँदछ। जीवनमा आउने धेरैजसो असल वा खराब परिस्थितिहरूको कारण हामीहरूकै सोच र कामद्वारा आउँदछन्।"-एडुकेशन, पृ. १४६बाट रूपान्तरित।

एलेन जी ह्वाइटले बाइबलसम्मत व्यक्त गर्नुभएको भावना अत्यन्त अर्थपूर्ण र गहिरो छ। तर कोही विश्वासी अय्यूब जस्तै अत्यन्त पीडामा छ र तपाईंले एलेन जी ह्वाइटको वचनलाई उदृध गरेर उसमाथि बज्र प्रहार गरे भने उसलाई कस्तो होला, के तपाईं सोच्न सक्नुहुन्छ? (दुर्भाग्यवस कतिपय समयमा त्यो कुरा भइरहेको हामी पाउँछौं)। तर उपरोक्त सरसल्लाहको सट्टा अरूको पीडालाई हलुको पार्न एलेन जी ह्वाइटकै देहायको मन्तव्यलाई आत्मसात गरेर बोल्न सकियो भने कति असल हुन्थ्यो होला? हेर्नुहोस्: "कतिपय समयमा धेरैजसो मानिसहरूले परमेश्वरको महान् प्रेमलाई औंल्याउनुको सट्टा पीडामा परेका मानिसहरूलाई उहाँले न्याय गरिरहनुभएको छ भनेर प्रहार गर्दा मनासिवै भएको सोच्दछन्। त्यसो गर्नु तिनीहरूको असफल सोचको परिणामले हो। प्रायजसो आफू धर्मात्मा हुँ भनेर गाली गर्ने मानिसहरूले यो सोच्नुपर्दछ कि ती दुःखमा परेको मानिसहरू शैतानको चालबाजीको कठोर दवाबमा परिरहेका छन्। शैतानले ती मानिसहरूसँग कुस्ता कुस्ती गरिरहेको हुन्छ तर तिनीहरूलाई रुखो, कठोर तथा सहानुभूतिहीन वचनहरूले ती मानिसहरूलाई निराश पार्नसक्छन् र तिनीहरूलाई झन झन शैतानको चलखेलमा धकेल्न खोज्न सक्छ।"-द मिनस्त्री अभ हिलिङ्ग, पृ. १६३बाट रूपान्तरित।

एलिपज, अय्यूब र कतिपय अरू मानिसहरूले सोचेको भन्दा त्यहाँ वास्तविक रूपमा धेरै कुराहरू त्यहाँ भइरहेका थिए। त्यसकारण एलिपजले अय्यूबको पीडा देखेर हत्तपत्त उनको मूल्याङ्कन गर्नु, आलोचना गर्नु, दोषी

ठहऱ्याउनु वा न्याय गर्नु उनको भनाई ठिकै भएतापनि त्यस परिस्थितिमा बोल्नु अनुचित थियो।

हामीले भन्दा अरूले खराब काम गरेर दुःख भोगिरहेको छ भनेर सोचमा परि उसको मनलाई हलुको पार्नुको सट्टा त्यसलाई भारि बोकाएर निराशको बादलमा नपार्न हामी सधैं कसरी सजग हुनुपर्छ भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्: मत्ती ७:१-५ "१ येशूले अझै भन्दै जानुभयो, "अरूलाई दोष नलगाओ अनि परमेश्वरले पनि तिमीहरूलाई दोष लगाउनुहुनेछैन २ किनभने जसरी तिमीहरूले अरूलाई दोषी ठहराउँछौ, त्यसरी नै परमेश्वरले पनि तिमीहरूलाई दोषी ठहराउनुहुनेछ। जुन नापले तिमीहरूले अरूलाई नाप्छौ, त्यही नापले तिमीहरूले पनि पाउनेछौ। ३ अर्काको आँखाको सिन्का देख्नेले आफ्नो आँखाको मुढो किन देख्दैनौरू ४ आफ्नो आँखाको मुढो पनि नदेख्नेले आफ्नो दाजुभाइलाई कसरी भन्न सक्छौ, 'खैखै, म तिम्रा आँखाको सिन्का निकालिदिऊँरू' ५ ए कपटीहरू हो! पहिले आफ्नै आँखाको मूढो निकाल अनि पो अर्काको आँखाको सिन्का निकाल्न छर्लङ्ग देख्नेछौ।", रोमी २:१-३ "१ त्यसो भए हे मित्र, के तिमी अरूलाई दोष लगाउँछौरू तिमीहरू जोसुकै भए पनि दोषी छैनौं भनी बहाना गर्ने ठाउँ नै छैन। अर्कालाई दोष लगाउने तिमीले आफैंलाई दोषी ठहराहँदै छौ किनभने अरूलाई जुन कामको दोष लगाउँछौ, त्यही काम तिमीहरू पनि गर्छौ। २ परमेश्वरले पनि यस्ता काम गर्ने मानिसहरूलाई सत्यको आधारमा दोषी ठहराउनुहुन्छ भन्ने हामीलाई थाहा छ। ३ हे मित्र, तिमीहरूले यस्ता काम गर्ने मानिसहरूलाई दोषी ठहराउँछौ तर आफू भने त्यस्तै काम गर्छौ। के परमेश्वरले तिमीलाई दोषी ठहराउनुहुँदा तिमी उम्किन सक्छौरू" र १ कोरन्थी ४:५ "५ यसैकारण तिमीहरूले ठीक समयभन्दा अघि नै कसैलाई दोष नलाऊ। आखिरी न्याय प्रभु आउनुभएपछि नै हुनेछ। प्रभुले नै अन्धकारमा लुकेका सबै कुरा उज्यालोमा ल्याउनुहुनेछ र मान्छेका मनका कुराहरू देखाइदिनुहुनेछ। त्यस बेला सबै मानिसले पाउनुपर्ने स्याबासी परमेश्वरबाट पाउनेछ।"

**मानौं अय्यूबले आफ्नै कारणले ती दुःखकष्टहरू आइपरेका हुन् भनेर एलिपजले गरेको आरोप ठिकै थियो रे! तैपनि उनका वचनहरू त्यसबेला अशिष्ट र समयसुहाउँदो थिएन। सारा मानिसहरूको प्रतिकको रूपमा अय्यूब खडा भएका छन्। हामी सबै जना ख्रीष्ट र शैतानको बीचमा चलिरहेको युद्धको भूमरीमा परिरहेकाछौं। त्यसको कारणले हामी सबै दुःख पाइरहेकाछौं। हामी**

**सबैलाई प्रायजसो सहानुभूति, दया र मायाका वचनहरूको खाँचो हुन्छ, त्यसबला कसैको गाली सुन्न हामी चाहन्नौं। हो बेलाबखतमा कसैले गल्ती गऱ्यो भने उसलाई सच्चाउनुपर्छ। त्यसको निम्ति समय, ठाउँ र परिस्थितिको ख्याल गर्नुपर्छ। तर आफ्नो जीवन जिर्ण अवस्थामा पुगेका, आफ्ना सन्तानलाई गुमाएका र आफ्नो शरीरमा घाऊघाऊले भरिएर खरानीको थुप्रोमा अलपत्र परि पीडा भोगिरहेका अय्यूबलाई सत्य कुरो नै किननहोस् एलिपजका वचनहरू कटु वा निर्दयी थिए।**

## उपसंहारः

एलिपज त्यस्तो कठोर त थिएन किनकि उनी अय्यूबप्रति सहानुभूति प्रकट गर्न आएका थिए। तर उनले व्यक्त गरेका सहानुभूतिका वचनहरू उनले विश्वास गरेको अनुसार अय्यूबको निम्ति मन हलुको गर्ने खालका थिएनन् र साथै परमेश्वरको चरित्रको पक्षमा बोल्न साथीले कर ठानेको पनि उनको निम्ति त्यस्तो चाहिएको जस्तो थिएन। साथीको भनाईमा परमेश्वर न्यायी भएकोले नै अय्यूब अत्यन्त दुःख पाइरहेका थिए। त्यसकारण अय्यूबले भित्रभित्र केही नराम्रो काम गरेका होलान् जसले गर्दा उनले त्यस्तो पीडा भोगिरहेका थिए। एलिपजको निर्णय अनुसार परमेश्वर कसरी न्यायी भएको देखाउनुभएको थियो। त्यसकारण अय्यूबले आफ्नो दुखेसो पोखाउनु मनासिब छैन भन्ने एलिपजको तर्क थियो।

हो, परमेश्वर न्यायी र धर्मी हुनुहुन्छ। त्यसको अर्थ यो होइन कि यस पापी संसारमा जे हुन्छ प्रत्येक परिस्थितिमा त्यसले परमेश्वरको न्यायको कारणले भएको हो भनेर स्पष्ट गरि देखाउँछ भन्नु मनासिब देखिन्दैन। वास्तविकता के हो भने परमेश्वरले हामीलाई त्यसरी हाँक्नुहुन्न। न्यायको समय आउँछ, मानिसहरूले आफूले गरेको व्यवहार अनुसार उचित परिणाम प्राप्त गर्नेछ तर अहिले नै हुन्छ भन्ने आवश्यक छैन (प्रकाश २०:१२)। परमेश्वरमाथि निष्ठा राखेर जिउनुको एक भागचाहीँ यो हो कि यस पापी अधर्मी र अन्यायी संसारमा कमी भएको न्यायलाई उहाँले एक दिन देखाउनुहुनेछ र अहिले हामीले नबुझेका कुराहरू त्यसबेला उहाँले स्पष्ट पारिदिनुहुनेछ।

एलिपजको मनस्थिति जस्तो येशूको समयमा केही धार्मिक पण्डित र शास्त्रीहरूमा पनि थियो र उहाँप्रति लक्षित गरि देखाएकोबाट हामी पाउँछौं। ती मानिसहरू अरूभन्दा आफूहरू धर्मात्मा र परमेश्वरप्रति निष्ठावान भएको

देखाउने चाहनाको भुमरिमा थिए। येशूले एक सब्बथमा बिरामीलाई निको पार्नुहुँदा ती पण्डितहरू उहाँप्रति आक्रोस व्यक्त गरेका थिए (मत्ती १२)। सब्बथ दिनमा पनि रोगबाट मुक्त भएर कोही खुशी नहोस् भन्ने तिनीहरूको चाहनालाई त्यसबेला उदाङ्ग पारिएको थियो। ती पण्डित र धर्मका व्याख्याकारहरूको चिरफार येशूले गरेर देखाउनुभएको कुरा कतिको स्पष्ट छ भन्ने कुराको ज्ञान हामीले पाएको सन्दर्भमा परमेश्वरलाई प्रेम गर्ने र उहाँको नाउँलाई सुरक्षित राख्न जोशिलो हुने हामीहरूले पनि यो कुराको ख्याल राख्नुपर्छ "२३ ए धर्म-गुरु र फरिसीहरू हो! तिमीहरूलाई धिक्कार! तिमीहरू कत्ति कपटी छौ। तिमीहरू बाबरी, सुप र जीराको उब्जनीबाट दश भागको एक भाग परमेश्वरलाई चढाउँछौ। तर न्याय, दया र विश्वासजस्ता व्यवस्थाका मुख्य कुराहरूको चाहिँ तिमीहरू वास्तै गर्दैनौ। दशांस दिनुको साथसाथै न्याय, दया र विश्वास पनि **तिमीहरूले गर्नु पर्थ्यो। २४ तिमीहरू अन्धा अगुवा हौ किनभने तिमीहरूले भुसुनालाई त चाल्छौ, तर ऊँटलाई भने निल्छौ।"**

**चिन्तनमनन:**

अ कसैलाई हाम्रो सहानुभूति र करूणा प्रकट गर्न आवश्यक भएको समय र सच्याउनु पर्ने समयको बीचमा कसरी फरक छुट्याउने? दुःख पाइरहेका मानिसहरूको मामिलामा तिनीहरूकै पाप र गलत कारणले भएको हो भनेर कोट्याएर आगोमा घिऊ हाल्नुको सट्टा हामीहरूमा दया, करुणा र सहानुभूतिले भरिपूर्ण भयो भने कतिको उत्तम हुन्छ भन्ने कसरी आत्मसात् गर्ने?

आ. अय्यूब ४ र ५मा एलिपजका वचनहरू फेरि पढ्नुहोस्। अय्यूबले दुःख भोगिरहेको समयभन्दा कुन परिस्थितिमा ती वचनहरू उचित र ठिक हुन्थ्यो होला?

ई. मानौं खरानीको थुप्रोमा लोटप्रोट भएर बसेका अय्यूबको मित्र तपाईं भएर उनकहाँ भेट्न जानु हुन्छ रे। त्यस समयमा तपाईंले उनलाई के भन्नु हुन्थ्यो र किन? यदि अय्यूबको ठाउँमा तपाईं हुनुभएको भए तपाईंलाई सहानुभूति प्रकट गर्न आउनेहरूबाट तपाईंले के अपेक्षा गर्नुहुन्छ?